आज मिति २०८२ साल श्रावण महिनाको २१ गतेका दिन बिहान ८ बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ७८औं बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

<u>उपस्थिति:</u>

| क.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सी. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | अमृता |
| १७ | श्री शिवा देवी के.सी. | कार्यपालिका सदस्य | शिवा |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री केशवराज भट्टराई | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रीत:

| क.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख | |
| २ | श्री [illegible] | सूचना प्र. अ. | |
| ३ | लक्ष्मण पुन मगर | का.स | |

नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: ७८
मिति: २०८२/०४/२१
समय: बिहान ८ बजे
स्थान: नगरपालिकाको सभाहल

प्रस्तावहरु:

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।
२. मिनिटिलर सम्बन्धमा।
३. प्रदेश लोक सेवा आयोगमा स्थायी कर्मचारी माग सम्बन्धमा।
४. पार्किङ/कवाडीको रि टेण्डर सम्बन्धमा।
५. मा.वि. संङ्घीय अनुदान शिक्षक सम्बन्धमा।
६. स्वर्गद्वारी नगरपालिका वडा नं २ को आधारभूत स्वास्थ्य भवन निर्माण सम्बन्धमा।
७. स्वर्गद्वारी नगरपालिका वडा नं ३ को आयुर्वेदिक औषधालय भवन निर्माण सम्बन्धमा।
८. संङ्घीय भवन निर्माण सम्बन्धमा।
९. शिक्षक दरबन्दी मिलान सम्बन्धमा।
१०. नगर स्तरीय बाटो मर्मत सम्बन्धमा।
११. विभिन्न कार्यविधि सम्बन्धमा।
१२. सि.अ.हे.व कमल परियारको अध्ययन विदाको पुर्व स्वीकृत सम्बन्धमा।
१३. सि.अ.हे.व याम बहादुर बस्नेतको अध्ययन विदाको पुर्व स्वीकृत सम्बन्धमा।
१४. स्व.न.पा ३ जलुके हाटबजारमा पानीधारा जडान सम्बन्धमा।
१५. चाल्नेटार ओवि लिफ्ट खानेपानीको ईनार मर्मत सम्बन्धमा।
१६. स्वर्गद्वारी नपा २ को एकीकृत सेवा केन्द्रको शौचालय मर्मत सम्बन्धमा।
१७. नगर दररेट सम्बन्धमा।
१८. माडिखोलाको वातावरणीय अध्ययन प्रतिवेदन(IEE) सम्बन्धमा।
१९. विभिन्न निवेदन सम्बन्धमा।

निर्णयहरु:

निर्णय नं.(१) प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०३/३१ गते बसेको ७७औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्य प्रगतिका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनका क्रममा भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथासिघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.(२) प्रस्ताव नं. २ माथि छलफल गर्दा यस आ.व.मा विनियोजन भएको रकमबाट मिनिटिलर खरिद कार्यलाई तत्कालै कार्यान्वयन गर्ने निर्णय गरियो।

स्वर्गद्वारी नगरपालिका २०७३

केशवराज भट्टराई
प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं.( ३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस पालिकामा संङ्गीय दरबन्दी अनुसार रिक्त रहेका विभिन्न सेवा समुहका तपसिलका कर्मचारीहरु प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश, बुटवलमा माग गर्ने निर्णय गरियो।

तपसिल

| क.स. | पदको नाम | तह | सेवा, समुह, उपसमुह | स्थायी/अस्थायी | रिक्त | कुल माग पदसंङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | लेखा अधिकृत | सातौ | स्थानीय प्रशासन, लेखा | स्थायी | १ | १ | काज सरुवा |
| २ | शिक्षा अधिकृत | सातौ | स्थानीय शिक्षा/शिक्षा प्रशासन | स्थायी | १ | १ | हाल सम्म पदपुर्ति नभएको |
| ३ | प्रशासकीय अधिकृत | सातौ | स्थानीय प्रशासन, सामान्य प्रशासन | स्थायी | १ | १ | काज सरुवा |
| ४ | कृषि विकास अधिकृत | सातौ | स्थानीय कृषि/बागवानी बाली संरक्षण र बाली विकास | स्थायी | १ | १ | हाल सम्म पदपुर्ति नभएको |
| ५ | वरिष्ठ प्रशासन सहायक | पाँचौ | स्थानीय प्रशासन, सामान्य प्रशासन | स्थायी | ४ | ४ | हाल सम्म पदपुर्ति नभएको |
| ६ | सब ईन्जिनियर | पाँचौ | स्थानीय ईन्जिनियरिङ/सिभिल | स्थायी | २ | २ | हाल सम्म पदपुर्ति नभएको |
| ७ | हे.अ. | पाँचौ | स्थानीय ,स्वास्थ्य हेल्थ ईस्पेक्सन | स्थायी | २ | २ | हाल सम्म पदपुर्ति नभएको |
| ८ | स्टाफ नर्स | पाँचौ | स्थानीय ,स्वास्थ्य कम्युनिटी नर्सिङ | स्थायी | १ | १ | हाल सम्म पदपुर्ति नभएको |
| ९ | प्रशासन सहायक | चौथो | स्थानीय प्रशासन, सामान्य प्रशासन | स्थायी | २ | २ | हाल सम्म पदपुर्ति नभएको |
| १० | असब ईन्जिनियर | चौथो | स्थानीय ईन्जिनियरिङ | स्थायी | १ | १ | हाल सम्म पदपुर्ति नभएको |
| ११ | अमिन | चौथो | स्थानीय ईन्जिनियरिङ/सर्भे | स्थायी | १ | १ | काज सरुवा |

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | सहायक महिला विकास निरीक्षक | चौथो | स्थानीय प्रशासन/विविध | स्थायी | १ | १ | बढुवाको लागि सिट एकीन भएको जानकारी |
| १३ | सहायक पशु विकास प्राविधिक | चौथो | स्थानीय कृषि/लापोडेडे | स्थायी | १ | १ | हाल सम्म पदपुर्ति नभएको |
| १४ | अ.हे.व | चौथो | स्थानीय ,स्वास्थ्य हेल्थ ईस्पेक्सन | स्थायी | ५ | ५ | हाल सम्म पदपुर्ति नभएको |
| १५ | अ.न.मी | चौथो | स्थानीय ,स्वास्थ्य कम्युनिटी नर्सिङ | स्थायी | ७ | ७ | हाल सम्म पदपुर्ति नभएको |
| १६ | ल्याव असिष्टेण्ट | चौथो | स्थानीय ,स्वास्थ्य मेडिकल ल्याव टेक्नोलोजी | स्थायी | १ | १ | हाल सम्म पदपुर्ति नभएको |
| | जम्मा माग संख्या | | | | ३२ | ३२ | |

निर्णय नं.(४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा पार्किङको भ्याट सहित रु ३,००,०००/-(तीन लाख) मा रि टेण्डर गर्ने, कवाडीको भ्याट सहित रु ७,००,०००/- (सात लाख)मा टेण्डर गर्ने साथै विज्ञापनको भ्याट सहित रु १,५०,०००/- (एक लाख पचास हजार)मा पुन रि टेण्डर गर्ने निर्णय गरियो।

निर्णय नं.(५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा मा.वि. संघीय अनुदान शिक्षक तपसिलका विद्यालयहरुलाई अनुदान दिने निर्णय गरियो।

तपसिल:

| क्र.स. | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | बाल संस्कृत मा.वि. | स्व.न.पा. २, धरमपानी | |
| २ | वाल तपस्वी वेद विद्यालय गुरुकुलम मा.वि. | स्व.न.पा. २, आश्रम | |
| ३ | गंगेश्वरी मा.वि. | स्व.न.पा. ४, बाँजिपुर | |

निर्णय नं.( ६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका वडा नं २ अन्तर्गत स्वर्गद्वारी स्वास्थ्य चौकीको नाममा कि.नं. ३१४ र क्षेत्रफल ३-७-०-३ रोपनी जग्गा प्राप्त भएपनि हालसम्म सो स्थानमा

कुनै स्वास्थ्य भवन निर्माण नभएकोले स्वर्गद्वारी आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माणको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सिंहदरबार, काठमाडौंमा माग गर्ने निर्णय गरियो।

**निर्णय नं.(७)** प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका वडा नं ३ अन्तर्गत आयुर्वेदिक औषधालय भिंग्री प्यूठानको नाममा कि.नं. ४४५ र क्षेत्रफल ४-१५-३-२ रोपनी जग्गा प्राप्त भएपनि हालसम्म सो स्थानमा स्वास्थ्य मापदण्ड अनुसारको स्वास्थ्य भवन निर्माण नभएकोले आयुर्वेदिक औषधालय भवन निर्माणको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सिंहदरबार, काठमाडौंमा माग गर्ने निर्णय गरियो।

**निर्णय नं.(८)** प्रस्ताव नं. ८ माथि छलफल गर्दा विद्यालयको संङ्घीय अनुदानबाट भवन निर्माण कार्यलाई थप व्यवस्थित गर्नको लागि तपसिलको कार्यदल गठन गर्ने निर्णय गरियो। उक्त कार्यदलले १५ दिन भित्र प्रतिवेदन तयार पार्ने र उक्त प्रतिवेदन अनुसार भवन निर्माण कार्यलाई कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिलः

| | |
|---|---|
| १. नगर उपप्रमुख | -संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ३. सम्बन्धित वडाका वडा अध्यक्ष | -सदस्य |
| ४. भौतिक पूर्वाधार शाखा प्रमुख | -सदस्य सचिव |

**निर्णय नं.(९)** प्रस्ताव नं. ९ माथि छलफल गर्दा शिक्षक दरबन्दी मिलान सम्बन्धमा थप अध्ययन गरी अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

**निर्णय नं.(१०)** प्रस्ताव नं. १० माथि छलफल गर्दा तपसिलका बाटाहरुलाई नगरस्तरीय बाटो मानेर नगरको ब्याकहोलोडर प्रयोग गरी मर्मत गर्ने निर्णय गरियो।

तपसिलः

१. नगरबाट वडा कार्यालय जाने मुख्य बाटो

२. तरकारी संकलन गर्ने बाटो

३. पर्यटक आवत जावत गर्ने मुख्य बाटो

साथै वडाका अन्य नियमित सवारी चल्ने बाटो मर्मतको हकमा प्रत्येक वडाबाट दुई जनाको दरले प्राविधिक मुल्याङ्कन र डोर हाजिरीको आधारमा मर्मत सम्भार कोषबाट बढिमा मासिक रु १५०००/- (पन्ध्र हजार) भुक्तानी दिने गरी, भदौ १ गते देखि असोज मसान्त सम्मको लागि दैनिक ज्यालादारीमा मजदुर राख्ने निर्णय गरियो।

**निर्णय नं.(११)** प्रस्ताव नं. ११ माथि छलफल गर्दा तपसिलका कार्यविधिहरु सम्बन्धमा थप अध्ययन गरी अर्को कार्यपालिका बैठकमा छलफल गरी पारित गर्ने निर्णय गरियो।

तपसिलः

१. स्वर्गद्वारी नगरपालिकाको जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८२

२. मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८२

स्वर्गद्वारी नगरपालिका
२०७३

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

३. कृषक समुह गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०८२

**निर्णय नं.( १२) प्रस्ताव नं. १२** माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र भिंग्री प्यूठानमा सि.अ.हे.व पदमा कार्यरत कर्मचारी श्री कमल परियार (कर्मचारी संकेत नं १९३२०२) लाई स्कुल अफ हेल्थ साईन्स भरतपुर चितवनको सूचना अनुसार सामान्य चिकित्सा (एच.ए) अध्ययनमा जानको लागि हाललाई आवेदन दिनका लागि अध्ययन बिदाको पुर्व स्वीकृत दिने निर्णय गरियो।

**निर्णय नं.( १३) प्रस्ताव नं. १३** माथि छलफल गर्दा बर्जिवाङ स्वास्थ्य चौकी स्व.न.पा. ८ बर्जिवाङ प्यूठानमा सि.अ.हे.व पदमा कार्यरत कर्मचारी श्री याम बहादुर बस्नेत (संकेत नं २२३७५९) लाई स्कुल अफ हेल्थ साईन्स भरतपुर चितवनको सूचना अनुसार सामान्य चिकित्सा (एच.ए) अध्ययनमा जानको लागि हाललाई आवेदन दिनका लागि अध्ययन बिदाको पुर्व स्वीकृत दिने निर्णय गरियो।

**निर्णय नं.( १४) प्रस्ताव नं. १४** माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका वडा नं ३ मा संचालनमा रहेको हाटबजारमा खानेपानी व्यवस्थापनको लागि प्राविधिक लागत अनुमान अनुसार रु ४३,०००/- (त्रिचालिस हजार) पालिकाको मर्मत सम्भार कोषको रकमवाट खर्च हुने गरी जडान तथा मर्मत गर्ने निर्णय गरियो।

**निर्णय नं.( १५) प्रस्ताव नं. १५** माथि छलफल गर्दा यस पालिकाको वडा नं ८ मा रहेको चाल्नेटार ओवि लिफ्ट खानेपानी मर्मतको लागि पालिकाको मर्मत सम्भार कोषबाट प्राविधिक लागत अनुमान अनुसार ३२०००/- (वत्तिस हजार) खर्च हुने गरी मर्मत गर्ने निर्णय गरियो।

**निर्णय नं.( १६) प्रस्ताव नं. १६** माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं २ मा रहेको एकीकृत सेवा केन्द्र घोडापार्कमा रहेको शौचालय मर्मत प्राविधिक लागत अनुमान अनुसार रु १,००,०००/- (एक लाख) मर्मत सम्भार कोषबाट खर्च हुने गरी मर्मत गर्ने निर्णय गरियो।

**निर्णय नं.( १७) प्रस्ताव नं. १७** माथि छलफल गर्दा आ.व. २०८२/०८३ को लागि तपसिलको आइटममा तपसिल अनुसारको नगर दररेट लागु गर्ने बाँकी आइटममा जिल्ला दररेटलाई नै नगर दररेट मानि लागु गर्ने निर्णय गरियो।

तपसिलः

| सि.नं. | विवरण | इकाई | प्यूठान जिल्लाको | | स्वर्गद्वारी नगरपालिकाको | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | आ.व. २०८१/०८२ को स्वीकृत दररेट | आ.व. २०८२/०८३ को स्वीकृत दररेट | आ.व. २०८२/८३ को स्वीकृत दर रेट | |
| १ | दक्ष(डकर्मी,सिकर्मी,नकर्मी) | प्रति दिन | 1190.00 | 1230.00 | 1190.00 | |
| २ | अदक्ष(ज्यामी तथा श्रमिक) | प्रति दिन | 860.00 | 900.00 | 860.00 | |
| ३ | ड्रिलिङ हेल्पर,डोजर हेल्पर, गेज अपरेटर,ब्लास्टर सहायक | प्रति दिन | 955.00 | 1000.00 | 955.00 | |

स्वर्गद्वारी नगरपालिका २०७३

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | अपरेटर (डोजर, लोडर,कम्प्रेसर) | प्रति दिन | 1370.00 | 1400.00 | 1370.00 | |
| ५ | चिम्नी भट्टाको ईटा नं.१ | प्रति हजार | 19400.00 | 19400.00 | 19000.00 | |
| ६ | चिम्नी भट्टाको ईटा नं.२ | प्रति हजार | 16700.00 | 16700.00 | 16500.00 | |
| ७ | **PPC Cement - 43/ 53 Grade** | | | | | |
| ७.१ | नेपाली | प्रति ब्याग | 700.00 | 700.00 | 650.00 | |
| ८ | **OPC Cement - 43/53 Grade** | | | | | |
| ८.१ | नेपाली | प्रति ब्याग | 800.00 | 800.00 | 720.00 | |
| ९.०० | एच.डि.पि.पाईप | | | | | |
| ९.०१ | 20mm dia PN-16 | प्रति र. मि. | 310.00 प्रति केजी | 320 प्रति केजी | 290 प्रति के जी | |
| ९.०२ | 25mm dia @ PN-12.5 | प्रति र. मि. | | | | |
| ९.०३ | 25mm dia @ PN-16 | प्रति र. मि. | | | | |
| ९.०४ | 32mm dia @ PN-10 | प्रति र. मि. | | | | |
| ९.०५ | 32mm dia @ PN-12.5 | प्रति र. मि. | | | | |
| ९.०६ | 32mm dia @ 10 PN-16 | प्रति र. मि. | | | | |
| ९.०७ | 40mm dia @ PN-10 | प्रति र. मि. | | | | |
| ९.०८ | 40mm dia @ PN-12.5 | प्रति र. मि. | | | | |
| ९.०९ | 40mm dia @ PN-16 | प्रति र. मि. | | | | |
| ९.१० | 50mm dia @ PN-6 | प्रति र. मि. | | | | |
| ९.११ | 50mm dia @ PN-10 | प्रति र. मि. | | | | |
| ९.१२ | 50mm dia @ PN-12.5 | प्रति र. मि. | | | | |
| ९.१३ | 50mm dia @ PN-16 | प्रति र. मि. | | | | |
| ९.१४ | 63mm dia @ PN-6 | प्रति र. मि. | | | | |
| ९.१५ | 63mm dia @ PN-10 | प्रति र. मि. | | | | |
| ९.१६ | 63mm dia @ PN-12.5 | प्रति र. मि. | | | | |
| ९.१७ | 63mm dia @ PN-16 | प्रति र. मि. | | | | |
| ९.१८ | 75mm dia @ PN-6 | प्रति र. मि. | | ३२० प्रति केजी | 290 प्रति के जी | |
| ९.१९ | 75mm dia @ PN-10 | प्रति र. मि. | | | | |
| ९.२० | 75mm dia @ PN-12.5 | प्रति र. मि. | | | | |
| ९.२१ | 75mm dia @ PN-16 | प्रति र. मि. | | | | |

...द्वारी नगरपालिका २०७३

केशवराज भट्टराई
प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.५१ | 225mm dia @ 4 kg/cm² | प्रति र. मि. | | | | |
| १.५२ | 225mm dia @ 6 kg/cm² | प्रति र. मि. | | | | |
| १.५३ | 225mm dia @ 10 kg/cm² | प्रति र. मि. | | | | |
| १.५४ | 250mm dia @ 2.5 kg/cm² | प्रति र. मि. | | | | |
| १.५५ | 250mm dia @ 4 kg/cm² | प्रति र. मि. | | | | |
| १.५६ | 250mm dia @ 6 kg/cm² | प्रति र. मि. | | | | |
| १.५७ | 250mm dia @ 10 kg/cm² | प्रति र. मि. | | | | |
| १.५८ | 280mm dia @ 2.5 kg/cm² | प्रति र. मि. | | | | |
| १.५९ | 280mm dia @ 4 kg/cm² | प्रति र. मि. | | | | |
| १.६० | 280mm dia @ 6 kg/cm² | प्रति र. मि. | | | | |
| १.६१ | 280mm dia @ 10 kg/cm² | प्रति र. मि. | | | 290 प्रति के जी | |
| १.६२ | 315mm dia @ 2.5 kg/cm² | प्रति र. मि. | | | | |
| १.६३ | 315mm dia @ 4 kg/cm² | प्रति र. मि. | 310.०० प्रति के.जि. | ३२० प्रति केजी | | |
| १.६४ | 315mm dia @ 6 kg/cm² | प्रति र. मि. | | | | |
| १.६५ | 315mm dia @ 10 kg/cm² | प्रति र. मि. | | | | |
| १.६६ | 355mm dia @ 2.5 kg/cm² | प्रति र. मि. | | | | |
| १.६७ | 355mm dia @ 4 kg/cm² | प्रति र. मि. | | | | |
| १.६८ | 355mm dia @ 6 kg/cm² | प्रति र. मि. | | | | |
| १.६९ | 400mm dia @ 2.5 kg/cm² | प्रति र. मि. | | | | |
| १.७० | 400mm dia @ 4 kg/cm² | प्रति र. मि. | | | | |
| १.७१ | 400mm dia @ 6 kg/cm² | प्रति र. मि. | | | | |

**निर्णय नं.(१८) प्रस्ताव नं. १८** मा छलफल गर्दा नदीजन्य पदार्थ उत्खननको लागि माडीखोलाको यस अघि तयार भएको वातावरणीय अध्ययन प्रतिवेदन(IEE) को समयसीमा सकिएकोले आ.व. २०८२/०८३ मा वातावरणीय प्रभाव मुल्याङ्कन शिर्षकमा विनियोजन भएको रकम मध्ये बाट प्राविधिक लागत अनुमान अनुसार रु ४,६०,५८८/- रकमबाट स्वर्गद्वारी नगरपालिका वडा नं. ३,४,५,७,८,९ अन्तर्गत पर्ने माडीखोलाको नदीजन्य पदार्थ उत्खननको आय ठेक्का प्रयोजनका लागि कोटेशन मार्फत वातावरणीय अध्ययन प्रतिवेदन(IEE) तयार गर्ने निर्णय गरियो।

**निर्णय नं.(१९) प्रस्ताव नं. १९** माथि छलफल गर्दा तपसिलका निवेदनहरुलाई तपसिल बमोजिमको निर्णय गरियो।

स्वर्गद्वारी नगरपालिका २०७३

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

| क.स. | निवेदकको नामथर /ठेगाना | विषय | निर्णय | कैफियत |
|---|---|---|---|---|
| १ | मदन कुमार पोखेल स्व.न.पा ३ | आर्थिक सहयोग सम्बन्धमा। | विपद् व्यवस्थापन कोषबाट ५ हजार दिने। | सम्बन्धित वडाको सिफारिस समावेश गर्नुपर्ने। |
| २ | मोहनलाल कालाथोकी स्व.न.पा ७ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने। | सम्बन्धित वडाको सिफारिस समावेश गर्नुपर्ने। |
| ३ | बोम बहादुर रोका मगर स्व.न.पा ७ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने। | सम्बन्धित वडाको सिफारिस समावेश गर्नुपर्ने। |
| ४ | मेने दमाई स्व.न.पा ७ | राहत रकम उपलब्ध सम्बन्धमा। | विपद् कार्यविधि अनुसार दिने। | |
| ५ | मन बहादुर थापा मगर स्व.न.पा ९ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने। | सम्बन्धित मेडिकल रिपोर्ट समावेश गर्नुपर्ने |

अन्त्यमा आजको ७८औं कार्यपालिका वैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ उपदफा (२) को खण्ड (ज) बमोजिम नगर कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।

स्वर्गद्वारी नगरपालिका २०७३

..........................

(केशवराज भट्टराई)

प्रमुख प्रशासकीय अधिकृत

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत